## मिति २०७७।१२।२६ गतेको १०६ औ कार्यपालिका बैठकका निर्णयहरु

१.मिति २०७७।११।२८ र २०७७।१२।०१ गतेको बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे आजको बैठकमा समीक्षा गरियो। हाल सम्म कार्यान्वयनमा नगएको मिति २०७७।१२।०१ गतेको १०५ औ बैठकको निर्णय न २ लाई यथाशिघ्र कार्यान्वयन गर्ने ।

२.अघिल्लो बैठकमा टेबुल गरिएको सार्वजनिक खरिद नियमावली २०७७ माथी आजको बैठकमा दफावार छलफल गरियो । छलफलमा प्राप्त सुझावहरुलाई समेटि नियमावली स्वीकृत गर्ने ।

३. (क) मिति २०७८ बैशाख २५ गते यस वीरेन्द्रनगर नगरपालिकाको स्थापना दिवस विभिन्न कार्यक्रम तथा प्रतियोगिताहरु गरि मनाउनका लागि देहाय अनुसारको मूल समारोह समिति गठन गर्ने ।

**मूल समारोह समिती**

संयोजकत्व : प्रमुख

सदस्यहरु :सबै वडा अध्यक्ष

: सबै कार्यपालिका सदस्य

: प्रमुख प्रशासकीय अधिकृत

: सबै शाखा प्रमुखहरु

सदस्य सचिव : प्रशासन शाखा प्रमुख

(ख) साथै मूल समारोह समितिले कार्यक्रमको रुपरेखा र खाका निर्धारण गरी देहाय अनुसारको कार्यान्वयन समिती मार्फत कार्यक्रम संचालन गर्ने ।

**कार्यान्वयन समिती**

संयोजकत्व : सुशासन समिति संयोजक

सदस्यहरु : प्रमुख प्रशासकीय अधिकृत

:वडा अध्यक्ष श्री सुरेश मान्नधर

:कार्यपालिका सदस्य श्री टिका घले

:कार्यपालिका सदस्य श्री यामुना नेपाली

Scanned with CamScanner

४. मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन (दोस्रो संशोधन) कार्यविधि २०७७ का बारेमा बैठकलाई जानकारी गरियो ।

५. भूमीहिन सुकुम्बासी भूमीहिन दलित र अव्यवस्थित बसोबासीहरुका लागि लगत संकलन कार्यका लागि गठित लगत संकलन इकाईको लागि थप कार्यक्रम गर्नका लागि पेश भएको बजेट स्वीकृत गरि प्रस्तावित रु १५ लाख बजेट शहरी नापी कार्यक्रम र एकिकृत सफ्टवेयर खरिद तथा सूचना प्रविधि व्यवस्थापन शिर्षकबाट सो बजेट रकम व्यवस्थापन गर्ने ।

६. यस नगरपालिकाका गर्भवति तथा सुत्केरी महिलाहरुका लागि आकस्मीक एम्बुलेन्स सेवा प्रदान गर्न वीरेन्द्रनगर नगरपालिकाको एम्बुलेन्स सेवा संचालन कार्यविधि २०७७ बमोजिम ईच्छुक गैर नाफामूलक सामाजिक संघ संस्थाहरुलाई ७ दिन भित्र प्रस्ताव पेश गर्न गरिएको सूचना बमोजिम तोकिएको समयावधि भित्र नगरपालिकाका सर्त पालना गर्ने गरी २ प्रस्तावहरुबाट प्रस्ताव पेश हुन आएकोमा उपयुक्त प्रस्तावक छनौट गर्नका लागि मिति २०७७ १२।२३ गतेको नगर एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको सिफारिस भए बमोजिम नेपाल रेडक्रम सोसाईटि सुर्खेत को प्रस्तावलाई स्वीकृत गर्ने ।

७. उच्च अदालत सुर्खेतको च न ३२९३ मिति २०७७।११।२३ गतेको प्राप्त पत्र अनुसार निवेदक धर्मराज गौतम र विपक्षी यस नगरपालिका भएको उत्प्रेषण/परमादेशको रिट निवेदनमा मिति २०७७।११।१९ मा भएको आदेश/फैसलाको उच्च सम्मान गर्दै नगरपालिकाको आगामी दिनका विकास निर्माणको कार्यमा गुरुयोजना अनुरुप योजना छनौट/कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरियो ।

८. भूमिगत स्रोतको पानी उत्खनन सम्बन्धी कार्यविधि २०७७ मा जलस्रोत/मूहान दर्ता लगायतका आवश्यक प्रावधानहरु थप गरी कार्यविधिको प्रथम संशोधन प्रस्ताव पेश गर्न पूर्वाधार विकास समितीलाई निर्देश गर्ने ।

९. यस नगरपालिकाका लागि चालू आर्थिक वर्ष २०७७।७८ का लागि स्वीकृत बजेट चालू आर्थिक वर्ष मा कुनै कारणवस संचालन गर्न नपरेमा वा संचालन पश्चात बचत रहन गएको अवस्थामा देहायको प्रकृयाबाट शंसोधन गरि योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

**देहाय**

(क) विषयगत क्षेत्र भित्रकै योजना वा नयाँ योजना गराई कार्यान्वयन गर्नुपरेमा वडा समितिको निर्णय सहित कार्यालयमा पेश भएमा योजना शाखाले निर्णयका लागि प्रमुख प्रशासकीय अधिकृत बाट निर्णय गराई अभिलेख राखि कार्यान्वयन गर्ने ।

(ख) विषयगत क्षेत्र परिवर्तन गरि योजना शंसोधन गर्नुपरेमा वडा समितिले संशोधन गर्नुपर्ने मनासिव कारण सहित कार्यालयमा पठाएमा योजना शाखाले संशोधनको प्रस्ताव तयार गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्ने ।

(ग) पूर्व कार्यापालिकामा भएको छलफल बमोजिम वडा समिति र कार्यालयको निर्णय बमोजिम शंसोधन गरि कार्यक्रम भै सकेकाको हकमा कार्यालयको निर्णय बमोजिम योजनाको संशोधन लाई समर्थन गर्ने ।

(घ) आजको बैठकमा विषयगत क्षेत्र परिवर्तनका लागि पेश हुन आएका योजना तथा कार्यक्रमलाई संशोधन गरी योजना कार्यान्वयन गर्ने ।

Scanned with CamScanner